उच्च तथा प्राविधिक शिक्षा

काठमाडौं, नेपाल

पत्र संख्या:-
चलानी नं.:- च.नं ४२५

मिति: २०६६।१०।१०

विषय :- **निर्देशिका सम्वन्धमा ।**

श्री प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद,
सानोठिमी, भक्तपुर ।

त्यहाको च.नं. ८६९ मिति २०६६।८।२ को पत्रसाथ प्राप्त तराई/मधेशका आठ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृति कार्यक्रम संचालन निर्देशिका, २०६६ स्वीकृतिका लागि प्राप्त भएकोमा यसमा अर्थ मन्त्रालयको च.नं. ३३२ मिति २०६६।९।१२ मा प्राप्त भएको राय समेतका आधारमा यसैसाथ संलग्न वमोजिमको निर्देशिका स्वीकृत गर्ने गरी मिति २०६६।१०।५ मा माननीय शिक्षा मन्त्रीस्तरीय निर्णय भएको व्यहोरा अनुरोध छ ।

२०६६।१०।११

(केशव अधिकारी)
शाखा अधिकृत

D:\Letter All\Ministry Pad.doc

स्वीकृत मिति २०६६।१०।५

# तराई मधेशका आठ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन निर्देशिका

२०६६

## पृष्ठभूमी

नेपालमा व्याप्त गरिबी र वेरोजगारीको समस्यालाई समाधान गर्नको लागि प्राविधिक शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । प्राविधिक शिक्षामा पहुँच नपुग्दा रोगजारीका अवसरहरु प्राप्त नगर्ने समुदायहरु नेपालमा प्रसस्तै छन्। । ति मध्ये तराईका आठ जिल्लाहरु बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी, महोत्तरी, धनुषा र सिरहाका दलित र विपन्न मुसलमानहरुको पहिचान गरि नेपाल सरकारले प्राविधिक शिक्षा कार्यक्रम संचालन गर्ने निर्णय लिएको छ ।

यसबाट लक्षित जिल्लाका दलित र विपन्न मुसलमान परिवारका महिलाहरुलाई सीपयुक्त हुने, दलित र विपन्न मुसलमान परिवारका महिलाहरुलाई रोजगारीका अवसरहरु दिई तिनिहरुको जीवनस्तर उठाउने, देशमा विद्यमान गरीबीलाई न्यूनिकरण गर्नमा सहयोग पुरयाउने, प्राविधिक शिक्षाको महत्व बारे पिछडिएको वर्गमा जानकारी दिने लगायतका उद्देश्यहरु पूर्ति हुनेछन् ।

१. निर्देशिकाको नाम र प्रारम्भ :

(क) यो निर्देशिकाको नाम "तराई र मधेशका आठ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन निर्देशिका, २०६६" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगवाट सूचीकरण गरिएका थर भएकाहरुलाई सम्झनु पर्दछ ।

(ख) "लक्षित जिल्ला" भन्नाले अनुसूची १ मा उल्लेखित जिल्लाहरु सम्झनु पर्दछ ।

(ग) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्दछ ।

(घ) "प्राविधिक शिक्षा कार्यक्रम" भन्नाले अनुसूची २ मा उल्लेखित विषयहरु सम्झनु पर्दछ ।

(ङ) "पाठ्यक्रम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तयार गरेको प्राविधिक शिक्षा कार्यक्रम विषय अनुसारको पाठ्यक्रम सम्झनु पर्दछ ।

(च) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्राविधिक शिक्षा कार्यक्रमको लागि परिषद्ले तोकेको न्यूनतम शैक्षिक योग्यता सम्बन्धित पाठ्यक्रममा उल्लेख भए बमोजिम कक्षा १० उत्तीर्ण वा एस एल सी उत्तीर्ण सम्झनु पर्दछ ।

(छ) "सम्भावित प्रशिक्षार्थीहरु" भन्नाले लक्षित जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्राहरुलाई सम्झनु पर्दछ ।

(ज) "संस्था" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्राविधिक शिक्षा कार्यक्रमको शिक्षणको लागि स्वीकृती वा सम्बन्धन प्राप्त भएको संस्थालाई सम्झनु पर्दछ ।

## ३. प्रशिक्षार्थी छनौट प्रक्रिया

(क) सम्भावित प्रशिक्षार्थीहरुले परिषद्ले लिएको प्रवेश परीक्षामा न्युनतम उत्तीर्णाङ्क प्राप्त गर्नु पर्ने छ।

(ख) लिखित परीक्षाको उत्तीर्णाङ्क ३२ प्रतिशत हुनेछ।

(ग) लक्षित जिल्लाको छात्राको पहिचानको लागि सम्बधित जिल्लाको नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्ने छ।

(घ) विपन्नको लागि गा.वि.स./न.पा. वा गरिवी निवारण कोषको सिफारिस पेश गर्नु पर्नेछ।

(ङ) दलितहरुले दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ।

(च) शैक्षिक योग्यताको प्रमाण पत्रहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(छ) प्रशिक्षार्थी छनौट कार्य परिषद्को परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ।

## ४. प्रशिक्षार्थीहरुलाई दिइने निर्वाह भत्ता :

छनौट भएका प्रशिक्षार्थीहरुले निम्न बमोजिमको निर्वाह भत्ता र अन्य खर्च पाउने छन्।

(क) जे.टि.ए (१५ महिने)

- निर्वाह भत्ता : रु.३,५०० प्रति महिना
- यातायात खर्च : रु.१,५०० एकमुष्ठ अध्ययन अवधिभर (रु.७५० का दरले २ पटक)
- पोशाक आदी : रु.२५०० एकमुष्ठ अध्ययन अवधिभर

(ख) सब ओभरसियर (१५ महिने)

- निर्वाह भत्ता : रु.३,५०० प्रति महिना
- यातायात खर्च : रु.१,५०० एकमुष्ठ अध्ययन अवधिभर (रु.७५० का दरले २ पटक)
- पोशाक आदी : रु.२,५०० एकमुष्ठ अध्ययन अवधिभर

(ग) अ.न.मी. (१८ महिने)

- निर्वाह भत्ता : रु.३,५०० प्रति महिना
- यातायात खर्च : रु.१,५०० एकमुष्ठ अध्ययन अवधिभर (रु.७५० का दरले २ पटक)
- पोशाक आदी : रु.२,५०० एकमुष्ठ अध्ययन अवधिभर

(घ) अ.न.मी. (२९ महिने)

- निर्वाह भत्ता : रु.३,५०० प्रति महिना
- यातायात खर्च : रु.३,००० अध्ययन अवधिभर (रु.१,००० का दरले ३ पटक)
- पोशाक आदी : रु.५,००० अध्ययन अवधिभर (रु.२,५०० का दरले २ पटक)

## (ङ) स्टाफ नर्स

- निर्वाह भत्ता : रु.३,५०० प्रति महिना
- यातायात खर्च : रु.४,५०० अध्ययन अवधिभर (रु.१,५०० का दरले ३ पटक)
- पोशाक आदी : रु.७,५०० अध्ययन अवधिभर (रु.२,५०० का दरले ३ पटक)

(च) प्रशिक्षार्थीहरुलाई प्रशिक्षण एवं नि:शुल्क छात्रावासको व्यवस्था गरिनेछ र छात्रावासमा अनिवार्य रुपमा वस्नुपर्नेछ ।

(छ) छात्रावासमा वस्दाको खाना खर्च र अन्य खर्चहरु दिइएको निर्वाह भत्तावाट प्रशिक्षार्थीहरुले व्यहोर्नुपर्नेछ ।

(ज) प्रशिक्षार्थीहरुको निर्वाह भत्ता चौमासिक रुपमा उपलब्ध गराइनेछ । चौमासिक रुपमा निर्वाह भत्ता उपलब्ध गराउंदा शिक्षालयले पठाएको प्रशिक्षार्थी विवरण वमोजिम उपलब्ध गराइनेछ ।

(झ) प्रशिक्षार्थीले व्यक्तिगत खाता नजिकको तोकिएको वाणिज्य वैंकमा खोल्नुपर्नेछ र परिषद्ले उक्त खातामा निर्वाह भत्ता वापतको रकम जम्मागरि दिनेछ ।

(ञ) प्रशिक्षार्थीहरुले विचमा अध्ययन छोडेमा अध्ययन छोडेको अवधिदेखिको निर्वाह भत्ता पाउने छैन ।

(ट) पून: परीक्षा दिन परेमा प्रशिक्षार्थीहरुले लाग्ने तत्सम्वन्धि संपूर्ण खर्च आफैंले व्यहोर्नुपर्नेछ ।

## ५. कार्यक्रम संचालन गर्ने संस्थाहरु छनौट गर्ने प्रक्रिया तथा मापदण्डहरु :

कार्यक्रम संचालन गर्नको लागि संस्थाहरु छनौट गर्दा निम्न प्रक्रिया वमोजिम हुनेछ ।

(क) संस्था छनौट गर्दा प्राविधिक र आर्थिक प्रस्तावनाको आधारमा छनौट गरिनेछ । प्राविधिक प्रस्तावलाई ५० प्रतिशत र आर्थिक प्रस्तावलाई ५० प्रतिशत अंक भार कायम गरिनेछ ।

(ख) प्राविधिक प्रस्तावना निम्न कुराहरुको आधारमा गरिनेछ ।

| आधार | अंक |
|---|---|
| भौतिक सुविधाहरु : | |
| कक्षा कोठाहरु | ५ |
| कार्यशाला रप्रयोगशालाहरु | २० |
| पुस्तकालय | ५ |
| प्रयोगात्मक अभ्यासको सुविधा | १० |
| मानव संसाधन | ४० |
| परिषद्बाट गत आ.व.मा गरिएको अनुगमनमा प्राप्त अंकको आधारमा हुने अंक | १० |
| लक्षित जिल्लामा संचालित संस्था भएमा | १० |
| जम्मा | १०० |

Ramesh\Nirdeshika ANM 8 district.doc

(ग) प्राविधिक प्रस्तावमा उल्लेखित अंकमध्ये मानव संशाधनमा उल्लेखित अंकमा न्यूनतम ६० प्रतिशत र अन्यमा न्यूनतम ४० प्रशितशत र समग्रमा कम्तीमा ६० प्रतिशत अंक भाग प्राप्त नगर्ने संस्थाको आर्थिक प्रस्तावना नखोलि त्यस्ता संस्थाहरुलाई अस्वीकृत गरिनेछ ।

(घ) एउटा संस्थाले बढिमा दुईवटा कार्यक्रममा प्रस्तावना दर्ता गर्न पाउने छ ।

(ङ) प्रस्तावनामा आवेदन दिने संस्थाहरुले नेपाल सरकारको नियम बमोजिम प्रस्ताव पेश गर्दा कबोल गरेको रकमको २.५ प्रतिशत रकम जमानत राख्नु पर्नेछ र प्रस्ताव स्वीकृत भएमा अरु २.५ प्रतिशत थप जमानत परिषदको धरौटी खातामा जम्मा गर्नु पर्नेछ । बोलपत्र प्रस्तावको आव्हान, प्रस्ताव खोल्ने, स्वीकृती लगायतका अन्य विषयहरु सार्वजनिक खरीद ऐन, नियमावली अनुसार हुनेछ ।

(च) प्रशिक्षार्थीहरुले विचैमा तालीम छाडेमा तालीम दिने संस्थाले सो को जानकारी परिषदमा तुरुन्त गराउनु पर्नेछ र तालीम छाड्ने प्रशिक्षार्थीहरुको प्रशिक्षण शुल्क भुक्तानी परिषदले गर्नेछैन ।

(छ) तालीम अवधिभरमा तालीम नसक्ने प्रशिक्षार्थीहरुको पून: परीक्षाको प्रवन्ध सम्वन्धित संस्थाले मिलाउनु पर्नेछ । यसरी पून : परीक्षा लिंदा लाग्ने परीक्षा शुल्क लगायतका खर्च प्रशिक्षार्थीवाट लिनुपर्नेछ ।

(ज) तालीम दिने संस्थाहरुले नियमित कार्यक्रमसंग नजुदाई यो विशेष कार्यक्रम संचालन गर्नुपर्ने छ ।

(झ) कार्यक्रम संचालन गर्ने संस्थाहरुलाई खर्चको निकासा दिंदा देहाय वमोजिम गरिने छ :

- कार्यक्रम संचालन गर्नको लागि सुरुमा संझौतामा उल्लेखित रकमको २५ प्रतिशत दिइनेछ ।
- बाँकी रकम चौमासिक रुपमा कार्य प्रगतिको आधारमा दामासाहीले निकासा दिइनेछ ।
- नियमानुसार लाग्ने सम्पूर्ण करहरु सम्वन्धित संस्थाले नै व्यहोर्नुपर्नेछ ।

(ञ) कार्यक्रम संचालन गर्ने संस्थाहरुलाई खर्चको निकासा दिंदा देहाय वमोजिम गरिने छ :

६. कार्यक्रम संचालन गर्न र सो सम्वन्धी निर्णय लिन शिक्षा मन्त्रालय र परिषद्मा गठन हुने समन्वय समिति र कार्यान्वयन समिति निम्न अनुसार हुनेछन् ।

(क) केन्द्रीय समन्वय समिति

| | |
|---|---|
| उपाध्यक्ष परिषद | अध्यक्ष |
| सदस्य-सचिव, परिषद | सदस्य |
| प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | सदस्य |
| प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| प्रतिनिधि, नर्सिङ्ग काउन्सिल | सदस्य |
| प्रतिनिधि, नेपाल ईन्जिनियरिङ्ग परिषद | सदस्य |

नेपाल

| | |
|---|---|
| प्रतिनिधि, शिक्षा मन्त्रालय | सदस्य |
| विशेषज्ञहरु मध्येबाट मनोनित २ जना | सदस्य |
| निर्देशक, प्राविधिक महाशाखा, परिषद् | सदस्य-सचिव |

(ख) केन्द्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकारहरु :

- कार्यक्रम संचालनको लागि सरोकारवालाहरुसंग आवश्यक समन्वय कायम गर्ने ।
- कार्यक्रम संचालन सम्बन्धी नीतिगत निर्णय गर्ने ।
- कार्यक्रमको अनुगमन, निरिक्षण र नियन्त्रण गर्ने ।
- कार्यक्रममा भैरहेको क्रियाकलापहरुबारे जानकारी लिने ।
- कार्यान्वयन समितिलाई अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

(ग) कार्यान्वयन समिति

| | |
|---|---|
| सदस्य-सचिव, परिषद् | अध्यक्ष |
| निर्देशक, नीति निर्माण तथा योजना महाशाखा, परिषद | सदस्य |
| निर्देशक, स्तरनिर्धारण महाशाखा, परिषद | सदस्य |
| परीक्षा नियन्त्रक, परिषद | सदस्य |
| निर्देशक, पाठ्यक्रम माहाशाखा, परिषद् | सदस्य |
| निर्देशक, पोलीटेक्निक माहाशाखा, परिषद | सदस्य |
| निर्देशक, प्राविधिक महाशाखा, परिषद् | सदस्य-सचिव |

घ. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारहरु :

- कार्यक्रमको आवश्यक व्यवस्थापन तथा संचालन गर्न व्यवस्था मिलाउने ।
- कार्यक्रम संचालन गर्न आवश्यक पर्ने कार्यदलहरु गठन गर्ने ।
- नियमावली वमोजिम तालीम दिने संस्था छनौटको निर्णयको लागी सिफारिस गर्ने ।
- कार्यक्रम संचालनमा नीतिगत समन्वय र संयोजन गर्ने ।
- कार्यक्रम संचालन र व्यवस्थापन सम्वन्धि आइ पर्ने अन्य कार्यहरु गर्ने ।
- कार्यक्रमलाई गुणस्तरयुक्त वनाउन व्यवस्था मिलाउने ।

ङ यो निर्देशिका बमोजिमको समितिले परिषद्को आर्थिक विनियमावली बमोजिम समिति सरहको भत्ता पाउने छन् ।

च यो कार्यक्रम लागु गर्न जिल्लाहरुमा खटिने कर्मचारीहरुले परिषद्को आर्थिक नियम अनुसार दैनिक भत्ता, भ्रमण भत्ता र होटल वास खर्च पाउने छन् ।

३ अनुगमन, मुल्याङ्कन र कार्यगत तालीम सम्वन्धमा

(क) प्रत्येक संचालित कार्यक्रमको लागि वर्षमा कम्तिमा २ पटक सुपरिवेक्षण तथा अनुगमन गरिनेछ ।

(ख) मुल्यांकनवाट आएको पृष्ठपोषणको आधारमा सुधारात्मक कदमहरु तुरुन्त चालिनेछ ।

(ग) परिषदद्वारा संचालित अन्य कार्यक्रम अनुसार कार्यगत तालीमको अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

८. परीक्षा संचालन र प्रमाण पत्र :

परीक्षा संचालन र प्रमाण पत्र वितरण प्रा.शि तथा व्या.ता.परिषद्को परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ ।

९. कार्यक्रम संचालनको लागी आवस्यक वजेट र त्यसको व्यवस्था

(क) आ.व. २०६६।०६७ मा भर्ना गरिएका उल्लेखित लक्षित वर्गका वालिकाहरुलाई पाठ्यक्रममा तोकिएको अध्ययन अवधि पुरा गर्न आवस्यक पर्ने वजेट साल वसाली नेपाल सरकारवाट व्यवस्था गरिने छ ।

१०. उल्लेखित प्रावधान भन्दा फरक कुनै विषय उत्पन्न भएमा केन्द्रीय समन्वय समितिको निर्णय वमोजिम कार्य संचालन गरिनेछ ।

## अनुसूची - १

कार्यक्रम संचालन हुने जिल्लाहरु

(क) बारा

(ख) पर्सा

(ग) रौतहट

(घ) सर्लाही

(ङ) सप्तरी

(च) महोत्तरी

(छ) धनुषा

(ज) सिरहा

CamScanner

अनुसूची - २

प्राविधिक शिक्षा कार्यक्रमका विषयहरु

(क) सव - ओभरसियर (१५ महिने)

(ख) जे. टि. ए. (१५ महिने)

(ग) अ. न. मी. (१८ महिने)

(घ) अ. न. मी. (२९ महिने)

(ङ) स्टाफ नर्स (३६ महिने)

नेपाल सरकार
# शिक्षा मन्त्रालय
(............................उच्च तथा प्राविधिक शिक्षा.........शाखा)

फोन नं. ४४११७०४, ४४१२०१३, ४४१८१९१, ४४१८७८४

केशरमहल,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:- ६९२

मिति: ..........२०६८।१।५...

का. जि. ... दर्ता नं... ६३६४ मिति २०६८/१/६

विषय :- निर्देशिका संशोधन सम्वन्धमा ।

श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद,
सानोठिमि, भक्तपुर ।

त्यस परिषदको च.नं. १३७४ मिति २०६७।१२।१५ को पत्रवाट विशेष कार्यक्रमको निर्देशिका संसोधनका लागि प्राप्त हुन आएको तीन महले विवरण सहितको संशोधित विवरण पेश हुंदा यसमा यसैसाथ संलग्न बमोजिम निर्देशिका स्वीकृत गर्ने भनी मिति २०६७।१२।२८ मा माननीय मन्त्रीस्तरीय निर्णय भएको व्यहोरा अनुरोध छ ।

रुद्रहरि भण्डारी
शाखा अधिकृत

D:\Letter All Ministry Pad.doc

# तराई र मधेशका आठ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन प्रदान गरिने छात्रबृत्ति कार्यक्रम संचालन (पहिलो संशोधन) निर्देशिका, २०६७

तराई र मधेशका आठ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रबृत्ति कार्यक्रम संचालन निर्देशिका, २०६६ लाई समयानुकुल संशोधन गर्न आवश्यक भएकोले केन्द्रिय समन्वय समितिको निर्णयानुसार नेपाल सरकारबाट देहायको संशोधन जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम "तराई मधेशका आठ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन (पहिलो संशोधन) निर्देशिका, २०६७ "रहनेछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल निर्देशिकाको नाममा संशोधन, मूल निर्देशिकाको नाममा तथा निर्देशिकाको विभिन्न ठाँउमा रहेका "मधेशका" भन्ने शब्द पछि रहेको "आठ जिल्लाका" भन्ने शब्दहरु झिकिएका छन्।

३. मूल निर्देशिकाका निर्देशन नं. २ मा संशोधन, मूल निर्देशिकाका निर्देशन नं. २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ।

(ख)"लक्षित जिल्ला" भन्नाले अनूसुची १ मा उल्लेखित जिल्लाहरु संम्झनु पर्दछ र नेपाल सरकारले कार्यक्रम थप गर्दै लगेमा थप गरिएका जिल्लाहरु अनूसुचीमा स्वत थपिएको मानिने छ।

४. मूल निर्देशिकाको निर्देशन नं ३ को ख को सट्टा देहाय अनुसार संसोधन गरिएको छ। "प्रवेश परिक्षाको उत्तिर्णाङ्क ४० प्रतिशत (प्रमाण-पत्र तहमा) र TSLC तहमा ३२ प्रतिशत उत्तिर्णाङ्क कायम गरिएको छ। "

५ मूल निर्देशिकाको निर्देशन नं.५ मा संशोधन, मूल निर्देशिकाका निर्देशन नं. ५ को खण्ड (क), खण्ड (ख), खण्ड (ग), खण्ड (घ) र खण्ड (ञ) को सट्टा देहाय वमोजिम संसोधन गरी खण्ड (घ१) र खण्ड (झ१) थप गरिएको छ।

"(क) संस्था छनौट गर्दा प्राविधिक प्रस्तावमा ७५ प्रतिशत भार प्राप्त गर्ने संस्थाहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ। आर्थिक प्रस्तावमा प्राविधिक प्रस्तावको मूल्याङ्कनमा परेको संस्थामध्ये कम आर्थिक प्रस्ताव पेश गर्ने संस्थालाई पहिलो प्रथमिकता दिईने छ।"

"(ख) प्राविधिक प्रस्तावनामा निम्न कुराहरुको आधारमा गरिने व्यवस्थामा देहाय बमोजिम गरिनेछ। "

| आधारहरु | अंक |
|---|---|
| भौतिक सुविधाहरु | |
| कक्षा कोठाहरु | ७.५ |

CamScanner

| | |
|---|---|
| कार्यशाला र प्रयोगशालाहरु<br>पुस्तकालय<br>प्रयोगात्मक अभ्यास सुविधा | २०<br>७.५<br>१५ |
| मानव संसाधन | ४० |
| परिषदवाट गत आ.व मा गरिएको अनुगमनवाट प्राप्त अंकको आधार | ५ |
| लक्षित जिल्लामा संचालीत संस्था भएमा | ५ |
| जम्मा | १०० |

"(ग) प्राविधिक प्रस्तावनामा उल्लेखित अंकमध्ये मानव संशाधनमा न्यूतम ८० प्रतिशत ल्याई समग्रमा कम्तीमा ७५ प्रतिशत अंकभार प्राप्त नगर्ने संस्थाको आर्थिक प्रस्तावना नखोली त्यस्ता संस्थहरुलाई अस्वीकृत गरिने छ। "

"(घ) एउटा संस्थाले वढिमा दुइवटा फरक कार्यक्रममा प्रस्तावना दर्ता गर्न पाउनेछ तर अनमीको १८ महिने र २९ महिने कार्यकमको हकमा एउटा कार्यकमका लागि मात्र प्रस्ताव पेश गर्न सकिनेछ।

"(घ१) गत वर्ष यो कार्यक्रम संचालन गरेका संस्थाहरुको हकमा प्रस्ताव दर्ता गर्दा नर्सिङ कार्यक्रमको लागि नेपाल नर्सिङ परिषद्संग स्तरीकरण लिईएको हुनुपर्दछ। नँया शिक्षण संस्थाहरुले प्रस्ताव दर्ता गर्दा कम्तिमा एक शैक्षिक कार्यकम सम्पन्न गरेको हुनुपर्नेछ। "

"(झ १) कार्यक्रम संचालन गर्नको लागि सुरुमा एक आर्थिक वर्षमा स्वीकृत रकमको २५ प्रतिशत रकम उपलव्ध गराउन पर्नेछ। "

"(ञ) निर्देशिका नं ५ को ञ मा रहेको कार्यकम संचालन गर्ने संस्थाहरुलाई खर्चको निकास दिंदा देहाय वमोजिम गरिने छ भन्ने वाक्यांश हटाउने।

६. मूल निर्देशिकाको निर्देशन नं. ६ मा संशोधन, निर्देशन नं ६ मा रहेको शिक्षा मन्त्रालय र परिषद भन्ने शव्द हटाउने। "

७. मूल निर्देशिकाका निर्देशन नं.६ मा संशोधन, मूल निर्देशिकाका निर्देशन नं.६ खण्ड (ग) मा देहायको सदस्यहरु थप गरिएको छ।

अधिकृत प्रतिनिधि, शिक्षा मन्त्रालय - सदस्य

अधिकृत प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

प्रतिनिधि, नेपाल नर्सिङ्ग काउन्सिल - सदस्य

८. मूल निर्देशिकामा निर्देशन नं. ९ क थप गर्ने, मूल निर्देशिकाका निर्देशन नं.९ पछि देहाय अनुसारको निर्देशन नं. ९क थप गरिएको छ

" ९क. नेपाल सरकारको निर्णय अनुसार कार्यक्रम विस्तार भएका जिल्लाहरुमा यो निर्देशिका लागु गरिने छ। "

CamScanner

नेपाल सरकार
# शिक्षा मन्त्रालय

(उच्च तथा प्राविधिक शिक्षा शाखा)

फोन नं. ४४११७०४, ४४१२०१३, ४४१८१९१, ४४१८७८४

केशरमहल,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:- ५६१

मितिः २०६८।१२।०५

विषय :- संशोधित निर्देशिका पठाएको सम्वन्धमा ।

श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर ।

यस मन्त्रालयको मिति २०६८।१२।०५ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत भएको "तराई र मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रबृत्ति कार्यक्रम संचालन (दोस्रो संशोधन) निर्देशिका, २०६८" को प्रमाणित प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

(लक्ष्मण खनाल)
उप सचिव

## तराई र मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन (दोस्रो संशोधन) निर्देशिका, २०६८

तराई र मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन निर्देशिका, २०६६ लाई समयानुकुल संशोधन गरी लोपोन्मुख जातिका छात्रा र छात्रलाई समेत समेट्न आवश्यक भएकोले केन्द्रिय समन्वय समितिको सिफारिसमा नेपाल सरकार शिक्षा मन्त्रालयबाट देहायको निर्देशिका जारी गरिएको छ।

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन (दोस्रो संशोधन) निर्देशिका, २०६८"रहनेछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२ मूल निर्देशिकाको नाममा संशोधन : तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन निर्देशिका, २०६६ को नाममा रहेको "परिवारका छात्रा" भन्ने शब्द पछि "तथा देश भित्रका लोपोन्मुख जातिका छात्रा र छात्रा " भन्ने शब्दहरु थप गरी निर्देशिका भनिएको नाम " तराई /मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देश भित्रका लोपोन्मुख जातिका छात्रा /छात्राले प्राविधिक शिक्षा लिन चोहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन निर्देशिका, २०६६ " गरिएको छ।

३ मूल निर्देशिकाको निर्देशन नं. २ मा संशोधन :(१) मूल निर्देशिकाको निर्देशन नं. २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छ।
"(क१) "लोपोन्मुख जाति" भन्नाले नेपाल सरकारले लोपोन्मुख जाति भनी परिभाषित तथा सूचिकृत गरेको जातिलाई सम्झनु पर्दछ।"
(२) खण्ड(छ) मा रहेको "छात्राहरु" भन्ने शब्द पछि "तथा देश भित्रका लोपोन्मुख जातिका छात्रा र छात्र" भन्ने शब्दहरु थप गरिएको छ।

४ मूल निर्देशिकाको निर्देशन नं. ३ मा थप : मूल निर्देशिकाको निर्देशन नं. ३ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थप गरिएकोछ।
"(ङ१) लोपोन्मुख जातिले सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पेश गर्नुपर्नेछ।"

५ मूल निर्देशिकाको निर्देशन नं. ५ मा संशोधन : मूल निर्देशिकाको निर्देशन नं. ५ को खण्ड (घ१) को सट्टा देहायको खण्ड (घ१) राखी राखिएको छ।
"(घ१) नर्सिङ कार्यक्रमका लागि नेपाल नर्सिङ परिषदसंग स्तरीकरण लिई कम्तिमा एक शैक्षिक कार्यक्रम सम्पन्न गरेका शिक्षण संस्थाहरुले मात्र प्रस्ताव दर्ता पाउने छन्।"

६ मूल निर्देशिकाको निर्देशन नं ९क मा संशोधन : मूल निर्देशिकाको निर्देशन नं. ९क मा रहेको "जिल्लाहरुमा " भन्ने शब्द पछि "तथा यस कार्यक्रमका लागि थप हुने अन्य जातजातिका समेत " भन्ने शब्दहरु थप गरिएकोछ।

७ मूल निर्देशिकाको अनुसूची २ मा थप: मूल निर्देशिकाको अनुसूची २ को खण्ड (ङ) पछि देहायका खण्ड (च),(छ) र ((ज) थप गरिएको छ,
"(च) प्रमाणपत्र तह सामान्य चिकित्सा(३६ महिने),
(छ) डिप्लोमा इन एग्रिकल्चर(प्लान्ट साइन्स)(३६ महिने), र
(ज) सिभिल इन्जिनियरिङ्ग(३६ महिने)"।

नेपाल सरकार
शिक्षा मन्त्रालय
केशरमहल, काठमाडौं नेपाल

नि. सचिव

## तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देशभित्रका लोपोन्मुख जातिका छात्रछात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन (तेस्रो संशोधन) निर्देशिका, २०७३

१. <u>तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देशभित्रका लोपोन्मुख जातिका छात्रछात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन (दोस्रो संशोधन) निर्देशिका, २०६६ (यसपछि मूल निर्देशिका भनिएको) को पृष्ठभूमिमा संशोधन :</u> मूल निर्देशिकाको पृष्ठभूमिको सट्टामा देहायको पृष्ठभूमि राखिएको छ :-

तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देश भित्रका लोपोन्मुख जातिका छात्रछात्राले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन निर्देशिका, २०६६ लाई समयानुकूल संशोधन गरी देशका हिमाली तथा पहाडी जिल्लाहरुका विपन्न मुसलमान छात्राहरुलाई समेत समेट्न वाञ्छनीय भएकाले केन्द्रीय समन्वय समितिको सिफारिसमा नेपाल सरकार, शिक्षा मन्त्रालयबाट देहायको निर्देशिका जारी गरिएको छ।

२. <u>मूल निर्देशिकाको दफा (१) मा संशोधन :</u> मूल निर्देशिकाको दफा (१) को उपदफा (१) र (२) को सट्टामा देहायको दफा (१) र (२) राखिएको छ:-

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "तराई मधेशका दलित र विपन्न मुसलमान परिवारका छात्रा तथा देश भित्रका लोपोन्मुख जातिका छात्रछात्रा र देशका हिमाली तथा पहाडी जिल्लाका विपन्न मुसलमान छात्राहरूले प्राविधिक शिक्षा लिन चाहेमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रम संचालन (तेस्रो संशोधन), निर्देशिका २०७३" रहेको छ।

(२) यो निर्देशिका शिक्षा मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।